श्री

उपभोक्ता अदालत, काठमाडौँ

इजलास

सदस्य श्री गेहेन्द्र राज रेग्मी

सदस्य श्री आनन्दराज पोखरेल

<u>फैसला</u>

मुद्दा नं. 081-CP-0015

दायर मितिः 2082।03।23।2

नि. नं. 12

<u>मुद्दाः-क्षतिपूर्ति भराई पाउँ।</u>

नवलपरासी जिल्ला बर्दघाट सुस्ता पश्चिम सरावल गा. पा. वडा नं.१ बस्ने नेत्रलाल न्यौपाने (फोन नं.९८५७०८०८३०) ....१ **वादी**

विरुद्ध

ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं.२ सानेपा स्थित सि.जि. मोटर्स प्रा.लि. १

ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. २ सानेपा स्थित सि.जि.मोटर्स प्रा.लि.का प्रवन्ध निर्देशक निर्वाण चौधरी 1

ऐ. ऐ. का निर्देशक हेमन्त अग्रवाल 1

रुपन्देही जिल्ला तिलोत्तमा नगरपालिका वडा नं. १ स्थित लोक सुशिला मोटर्स प्रा.लि.का संचालक प्रतिक श्रेष्ठ १

प्रतिवा

वादीको साक्षीः श्रवणकुमार श्रेष्ठ

कागजः

प्रतिवादीको साक्षीः सक्रिय थापा

कागजः

<u>अदालतबाट बुझेको</u>

साक्षी।कागजः

उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ४१ र ५० बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्रको पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्‌दाको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार छः-

<u>तथ्य खण्डः-</u>

1. मैले विपक्षी सि.जि. मोटर्स प्रा.लि. को आधिकारिक विक्र्ीकक्ष CG Motor Workshop हात्तिवनबाट Neta V 2022 Model VIN-LUZAGAGA9NA109273 नं. को गाडी रु.३७,४९,०००।- मा खरिद गरी हालसम्मको अद्‌यावधिक समेत गराएको छु। विपक्षीले दिएको सर्भिसिङ कार्डमा दश हजार कि.मि. गुडेपछि पहिलो सर्भिसिङ गर्नु पर्दछ भनी उल्लेख गरेको हुँदा सर्भिसिङ गर्न ल्याउनको लागि विपक्षीलाई सोध्दा बीस हजार कि.मि. गुडेपछि ल्याए पनि हुन्छ भनेकोले सेप्टेम्बर ८, २०२३ मा पहिलो सर्भिसिङको लागि विपक्षीको सर्भिस सेन्टर हात्तिवन, ललितपुरमा गई सर्भिसिङ गराउँदा गाडीको अवस्था सही र राम्रो नै थियो। विपक्षीहरुको सर्भिसिङ सेन्टरमा क्रमश: मार्च ७, २०२४ र जुन १४, २०२४ मा दोस्रो र तेश्रो सर्भिसिङ गराएँ। त्यसवेलासम्म पनि गाडीको अवस्था यथावत रुपले राम्रो थियो। सि.जि.मोटर्सले तपाईलाई काठमाडौँ आउन धेरै समय लाग्छ, त्यसैले सि.जि. मोटर्सको लोक सुशिला मोटर्स प्रा.लि. भन्ने तिलोत्तमा नगरपालिका वडा नं.१ शंखरनगर बुटवलमा सर्भिस सेन्टर छ, अबको सर्भिसिङ त्यहीँ गराउनु राम्रो हुन्छ भन्नु भयो। निज विपक्षीको भनाई अनुसार सर्भिसिङ सेन्टरमा लगी गाडी चेक गराउँदासम्म गाडीको अवस्था सही नै थियो।

    उक्त चौथो पटकको सर्भिसिङ सकी वासिङ गरेर गाडी स्टार्ट गरी हिंड्ने क्रममा एक्कासी गाडीको इन्डिकेटर (ब्याट्री सुचक) ले ब्याट्री बिग्रेको समस्या संकेत गर्‍यो र यो क्रम निरन्तर रहेको थियो, बन्द नै भएन। विपक्षीको सर्भिसिङ सेन्टरसँग उक्त विषयमा जिज्ञासा राख्दा यो सामान्य समस्या हो जानुहोस् यसले केही फरक पर्दैन भन्नुभयो। दोस्रो दिन राती गाडी चार्जमा राख्दा गाडीले असाधारण किसिमको अनौठो आवाज निकाल्यो। गाडीको नजिकै गएर नियाल्दा गाडी धेरै नै तातेको अवस्थामा थियो र अत्यधिक विजुली खपत गराएको थियो। इन्डिकेटर हेर्दा एम्पायरले ०. खाएको देखाउनु पर्नेमा २.५ किलोबाट देखायो। पंखा चल्नु नहुने समयमा पनि लगातर चलिरहयो, रोकिएन। विपक्षीहरुलाई सूचना गर्दा

भोलि गाडी लिएर आउनु भन्ने जानकारी पाएपछि नवलपरासी स्थित आफ्नो घरबाट गाडी स्टार्ट गरी बुटवलतर्फ जाँदा गाडीले सधैं जस्तो कि.मि. सेवा दिएन, १० प्रतिशत उर्जा खपत हुनु पर्नेमा १८ प्रतिशत खर्च भयो। गाडी चेकजाँच गर्दा पनि ब्याट्री बिग्रेको संकेत नरोकिएपछि पुन: गुनासो गर्दा पनि यो ठूलो समस्या होइन काठमाडौँ गएर मेसिन जोडेर चेकजाँच गरेर हेर्दा थाहा भइहाल्छ भन्ने जवाफ दिनुभयो।

त्यहाँबाट हामी गाडी लिएर फर्किदैँ गर्दा अन्तत भैरहवा स्थित भाटभटेनीसम्म आइपुग्दा एकाएक गाडी बन्द भयो र गाडीको चाबी समेत भित्रै रोकियो, गाडी खुलेन। यसरी विपक्षीहरुको गैरजिम्मेवारीपूर्ण सूचना र लापरबाहीपूर्ण सेवाको कारण बिच बाटोमा नै मानसिक तथा शारीरिक ताडना सहँदै बस्न बाध्य हुनु पर्‍यो। रातको समयमा महंगो ट्याक्सी भाडामा लिएर मास्टर कि ल्याइ गाडी खोल्न लगाइयो र निज विपक्षीकै लोक सुशिला सर्भिसिङ सेन्टरको कम्प्युटर सिस्टमबाट गाडी खोली सर्भिसिङ सेन्टरमा लगियो। सर्भिसिङ सेन्टरले सि.जि.को हेड अफिसमा सम्पर्क गरी गाडीको अवस्थाबारे जानकारी गराउनुभयो। सि.जि. कम्पनीको हेड अफिसबाट गाडीमा भएको लापरवाहीपूर्ण कार्य ढाकछोप गर्ने र मलाई दुःख दिने नियतले गाडी बीमा दाबी गरेर मात्रै मर्मतसम्भारको लागि खोल्ने नत्र सर्भिसिङ सेवा नदिने भनी आफ्नो अडान लिइ बीमाबाट क्षतिपूर्ति दाबी गर्ने निवेदन दिन बाध्य बनाउनु भयो। बीमादावी गरेपश्चात निज विपक्षीहरुले गाडी काठमाडौँ स्थित विपक्षीहरुकै सर्भिस सेन्टरमा लगी बीमा कम्पनीका सर्भेयर लगायतको प्राविधिकहरु समक्ष गाडी खोली बिग्रिएको पार्टस् यकिन गरी बीमाको सर्भेयरले गाडी मर्मत गर्न विपक्षीलाई अनुमति दिनुभयो।

त्यसको ४५ दिनपछि बल्ल गाडी मर्मत गरिसकेपछि बीमाका सर्भेयरले मर्मत भएको पार्टस् यकिन गर्न भनी आउँदा पहिले बिग्रिएको भनी यकिन गरिएको पार्टस् देखाउन सक्नु भएन। बरु उहाँहरुले फरक गाडीको पार्टस् देखाई यही हो भनी अडान लिनुभयो। बीमा कम्पनीको प्राविधिकलाई विपक्षीहरुले गाडी खोलेर हेर्दा बिग्रिएको पार्ट देखाउन नसकेको र त्यो भन्दा अगाडि गाडी मर्मतको क्रममा निज विपक्षीहरुकै प्राविधिक, सक्रिय थापा (सर्भिस हेड), हेम बहादुर महतो (कालिगड) ले परीक्षण गरी हेरेपछि हाइप्रेसर गनको प्रयोग गरिएको हुँदा ब्याट्रीमा पानी पसी

ब्याट्री खराब भएको खुलासा भयो। जबकी आइ पी ६७ रेटेड गाडीमा हाइ प्रेसर गन प्रयोग गर्न नपाउने ब्याट्री कम्पनीको मापदण्ड नै तोकिएको छ। यदि प्रयोग गरिएमा ब्याट्री खराब हुने, विष्फोट भइ आगलागी समेत हुनसक्ने कम्पनीको रेटिङमा नै उल्लेख छ । यसबाट विपक्षीहरुको कार्य चरम लापरबाहीपूर्ण भइ जिउ ज्यान र धन समेत क्षति हुने सम्मको लापरबाहीपूर्ण कार्य गर्नु भयो। विपक्षीको सर्भिस हेड सक्रिय थापा र हेम बहादुर महतोले दिएको हाइ प्रेसर गन प्रयोग गरी ब्याट्री खराब गराएको प्रतिक्रियाको फोटो भिडियो समेत मसंग सुरक्षित छ।

यसरी विपक्षीहरुको लापरबाहीपूर्ण कार्यबाट हाइप्रेसर गनको प्रयोग गरी मेरो गाडीको ब्याट्री खराब गराएको स्पष्ट भएपछि मेरो गाडीको क्षतिपूर्ति तथा मर्मत सम्भार गराइदिनु भनी पटकपटक ताकेता गरेँ। करिब २ महिनासम्म ताकेता गर्दा पनि विपक्षीले अटेर गरेपछि मेरो क्षतिपूर्ति दिनुहोस्, अन्यथा म तपाईहरु उपर कानूनी उपचारको बाटो लिन बाध्य हुनेछु भनेपछि विपक्षीहरुले आफ्नो कारणबाट ब्याट्री खराब भएको स्वीकार गरी ब्याट्री चेन्ज गरिदिने प्रतिबद्धता गर्नु भयो। मिति २०८१।१०।९ मा विपक्षीहरुले मेरो गाडीको ब्याट्री झिकी जी एम दिनेश पाण्डे भन्ने व्यक्तिले चलाईरहेको ४ हजार कि.मि. गुडेको २४ मोडलको बा २८ च. ३५८० नं. को गाडीको ब्याट्री मेरो गाडीमा राखी साटिदिए र ४ वटा टायर समेत फेरेर पठाइदिए र अब तपाइको गाडीमा समस्या आउँदैन यस गाडीको समस्या समाधान भयो भनी पठाउनु भयो।

मैले पनि गाडी ठिक भयो भने किन विवाद गर्नु भनी सहमति जनाएँ, गाडी बुझेर लगेपछि गाडीको अलाइनमेन्ट नमिलेको पाएँ। गुनासो गरेपछि निज विपक्षीको सल्लाह अनुसार वुटवल १३ नयाँ गाउँ स्थित शिवा टायर केयरमा अलाइनमेन्ट मिलाउनको लागि गयौं। त्यहा पनि अलाइनमेन्ट डाटा प्राप्त भएन। त्यसपछि हामी आफैंले देश विदेश स्थित विभिन्न ठाउँमा खोजी गरी डाटा ल्याई शिवा टायर केयरबाट अलाइनमेन्ट व्यवस्थापन गर्‍यौं जबकी गाडीको अलाइनमेन्ट नमिल्दा गाडीको टायर खिइने घोटिने तथा अन्य पार्टपूर्जामा समेत समस्या आउँछ। यस्तो संवेदनशील विषयको पनि व्यवस्थापन नगरी कारोबार गर्ने गाडी विक्री गरी पैसा कमाउने मात्र नियत राख्ने गरेको सि.जि. कम्पनीको कार्य उपभोक्ता उपर हुने लापरबाहीपूर्ण कार्य हो।

मिति २०८२ वैशाख १४ गते बर्दघाट नगरपालिका वडा नं. १६ सुर्यनगर स्थित सडकमा गाडी गुडाइ रहेको समयमा कच्ची सडकमा गाडीले भुइँमा छुँदा गाडी बन्द भयो र चलेन। निज विपक्षीहरुलाई लगातार लामो समयसम्म फोन सम्पर्क गर्दा पनि फोन नउठाई सम्पर्कविहीन भएर बस्नुभयो। अन्तत सि.जि.को हेल्पकेयरमा फोन लागेपछि विपक्षीको सर्भिस सेन्टर लोक सुशिला प्रा. लि. का मानिसहरु पठाई दिनुभयो र यो गाडी यहाँ बनाउन सम्भव छैन, काठमाडौंकै सर्भिस सेन्टरमा लानुपर्छ भन्नुभयो। निजको सल्लाह अनुसार काठमाडौं स्थित सर्भिस सेन्टरका डिलर इन्चार्ज अशोक पंगेनीसंग सम्पर्क गर्दा गाडी टो (Tow) गरी पठाउनु गाडी पठाएको ४ दिनपछि हामी बनाएर फिर्ता पठाइदिने छौं भन्नु भयो। त्यसको २ दिनपछि हामीले २०८२ वैशाख १६ गते काठमाडौंस्थित विपक्षीको सर्भिस सेन्टरमा गाडी पठायौं। त्यसपछि बीमा कम्पनीमा निवेदन दिइयो र बीमा कम्पनीलाई बोलाइयो विपक्षीहरुको ललितपुर बागडोल स्थित सि.जि. सर्भिस सेन्टरले बीमाको सर्भेयरको रोहवरमा २,८९,९५४।७९ इस्टिमेट बिल दिनु भयो र ४ दिनपछि गाडी बनाई दिने प्रतिवद्धता जाहेर गर्नु भयो तर एक हप्ता बित्दा पनि कुनै सूचना गर्नु भएन। यसरी निज विपक्षीले ४ दिनमा बनाई दिन्छु भनेको गाडी बिना सूचना लामो समयसम्म नबनाई कुनै खबर नगरी बसेपछि ज्वाइँ खेमु अर्याललाई बुझ्न पठाउँदा विपक्षीहरुले बखेडा झिकी पहिला नै सहमतिमा टुंगिएको विषयमा हुँदै नभएको विवाद झिकी पहिला बनाएको गाडीको रकम भनी ५ लाख ९१ हजारको बिल मेरो वतन समेत उल्लेख नगरिएको बिल हाल आएर पठाई दुःख दिने बदनियत राखे। विपक्षीहरुले गरेका लापरबाहीपूर्ण कार्यको पुष्टि निजहरुकै प्राविधिक तथा कालीगढहरुले आफैं व्यक्त गरिसकेका छन्, सोही आधारमा निज विपक्षीहरुले आफ्नो गल्ती स्वीकारी सहमतिमा समाधान भएको विषयलाई पुन दोहोर्‍याई आजका मितिसम्म पनि मेरो गाडी निजहरुकै कब्जामा राखी अन्याय गरेको हुँदा शारीरिक, मानसिक, आर्थिक र भौतिक क्षति बापत **रु. ७८,०९,०००।-** क्षतिपूर्ति दिलाई पाउँ भन्ने बेहोराको **फिराद दाबी**।

2. प्रतिवादी कम्पनीले आफ्नो हरेक ग्राहकलाई नयाँ गाडी उपलब्ध गराएपछि सो गाडी समयमा मर्मत सम्भार र सर्भिसिङ गर्नका लागि भनेर सर्भिसिङ कार्ड समेत उपलब्ध गराउँदै आएको छ। यसै बमोजिम निज विपक्षीलाई समेत कम्पनीले

१०,००० कि.मि. मा पहिलो सर्भिसिङ गराउनुपर्ने र त्यसपश्चात हरेक दश हजार कि.मि. मा सर्भिसिङ गर्दै जानुपर्ने व्यवस्था छ। कम्पनीले आजसम्म कुनै पनि ग्राहकलाई सर्भिसिङको म्याद गुजारेर सर्भिसिङ गर्न ल्याउनुहोस् भन्ने गरेको छैन। उजुरकर्ताले फिरादमा कम्पनीले आफ्नो ग्राहकहरुप्रतिको जिम्मेवारीमा लापरवाही गर्छ भन्ने तवरले भ्रम सिर्जना गर्न लिइएको जिकिर मात्रै हो।

निज विपक्षी आफ्नो गाडी सर्भिसिङको लागि भनी काठमाडौँसम्म धाउँदै गर्दा निजलाई असहज भएपछि बुटवलस्थित लोक सुशिला मोटर्स प्रा.लि. मा लगेर सर्भिसिङ गराएका रहेछन्। सो सर्भिस सेन्टरमा सर्भिसिङ गराएपश्चात निजले गाडीमा विभिन्न समस्या भयो भनी कम्पनीको काठमाडौँस्थित मर्मत केन्द्र बागडोलमा जानकारी गराएपश्चात कम्पनीलाई निजको गाडीमा भएको समस्याका बारेमा अवगत थियो। निज विपक्षीले लोक सुशिला मोटर्स प्रा.लि. मा सर्भिसिङ गरेर फर्किएपछि उक्त सर्भिस सेन्टरले ब्याट्री ड्यामेज गरेर गाडी फिर्ता गरेको र सो कारणले गर्दा गाडी बन्द भएको, अनावश्यक दुःख भएको भन्ने गुनासो गरेपछि कम्पनीको दायित्व सम्झी बुझी विपक्षीको गाड़ी काठमाडौँ झिकाउने र गाडीमा के समस्या भएको रहेछ भनी पहिचान गरी समाधान गर्ने सल्लाह बमोजिम गाडी काठमाडौँ ल्याइएको हो। यसपश्चात कम्पनीका प्राविधिक सक्रिय थापाले बुटवलदेखि काठमाडौँसम्म गाडी लिएर आउनु भएका निज नेत्रलाल न्यौपानेका ज्वाइँ खेमराज अर्याललाई गाडी नै नचलेको खण्डमा खोलेर हेर्नुपर्छ, यदी केही समस्या भएको रहेछ र कम्पनीले ग्राहकलाई उपलब्ध गराएको वारेन्टी नीति (warranty policy) अन्तर्गतको समस्या रहेछ भने त कम्पनीले व्यहोरिहाल्छ, तर अन्य समस्याले भएको रहेछ भने तपाईलाई अनावश्यक खर्च निस्कन सक्छ, त्योबाट बच्नका लागि यहाँले बीमा सेवा प्रदायकलाई जानकारी गराउनु भयो भनेँ तपाईले बीमामा क्षतिपूर्ति दाबी गरी सम्भावित खर्चबाट समेत बच्न सक्नु हुन्छ भन्ने सल्लाहमा खेमराज अर्यालले समेत सहमति जनाई उनको आफ्नै सक्रियतामा बीमालाई जानकारी गराई बीमाका प्राविधिकहरु समक्ष गाडी खोलिएको थियो।

निजको गाडीको ब्याट्री माथिसम्म ठोकिएको, धर्सा देखिएको, विभिन्न स्थानमा गाड़ी भुइँमा छोएर त्यसले ब्याट्री प्रभावित पारेकोसम्म देखियो। साथै, सो गाडीको ब्याट्री खोली हेर्दा ब्याट्रीबाट सामान्य भन्दा धेरै मात्रामा पानी निस्किएको हुँदा

निजको गाडी चलाउँदाको बखतमा विभिन्न स्थानमा गाडी ठोक्किएको र सो भागहरुबाट गाडी गुडेको बखतमा समेत पानी नियमित रुपमा अलिअलि गर्दै छिरेर अन्ततः ब्याट्रीमा धैरै पानी जम्मा भई गाडी बन्द हुने अवस्था सिर्जना भएको समेत विपक्षीका ज्वाइँलाई जानकारी गराइएको थियो। ब्याट्री कम्पनीको मापदण्ड विपरीत सि.जी.को कुनै पनि आधिकारिक मर्मत केन्द्रहरुमा हाइ प्रेसर गन प्रयोग गरिएको छैन। साथै विपक्षीले सर्भिसिङ्का लागि गाडी लगेको लोक सुशिला मोटर्स प्रा.लि. मा समेत बुझ्दा निजले समेत सो प्रकारको गन प्रयोग गर्दैनौं भनी जानकारीसम्म गराएका छन्। सो गाडीको ब्याट्रीको मर्मत सकिएपछि सकेसम्म ब्याट्री नै फेरिदिन अनुरोध गरेको र निजले यसअघि पनि कम्पनीको गाडी किन्नका लागि धैरै ग्राहकहरुलाई सुझाएको हुँदा कम्पनीले Goodwill का लागि समेत निजको ब्याट्री परिवर्तन गरी दिएको थियो। निजले सो गाडी टेस्ट ड्राइभ गर्छु भनी कम्पनी परिसरबाट बाहिर गई पुन कम्पनीमा फर्किएनन् र गाडीका सम्बन्धमा केही जानकारी पनि गराएनन्। निजले प्रतिबद्धता गरे बमोजिम पुरानो ब्याट्रीको मर्मत लगायत गाडी मर्मतको रकम रु. ५,९१,२९०।२९ समेत भुक्तान गरेनन्।

तत्पश्चात बैशाख महिनातिर विपक्षीका ज्वाई खेम अर्यालले पुन: गाडीमा समस्या आयो भनी ललितपुरको बागडोलस्थित मर्मत केन्द्रमा ल्याएर गाडी छोडे। कम्पनीले निजले यसअघिको बिल समेत भुक्तान नगरेको कारणले गर्दा हाललाई निजले भुक्तान गर्नुपर्ने रकम ५,९१,२९०।२९ भुक्तान नभएसम्म गाडी मर्मतको कार्य अघि बढाउन नसकिने जानकारी गराइयो। कम्पनीको विधि अनुरुप पूर्व बिल भुक्तान नभई गाडी मर्मत हुन नसक्ने जानकारी गराएपश्चात निजले मनगढन्ते उजुरी गरेका रहेछन्। यसरी विपक्षीको आफ्नै कमी कमजोरीले गाडीमा समस्या उत्पन्न भई कम्पनीले सकेसम्मको सहयोग र सदासयता पेस गर्दा समेत क्षतिपूर्ति दाबी गरी पेस भएको प्रस्तुत फिराद खारेज गरी पाउँ भन्ने बेहोराको **प्रतिउत्तर जिकिर।**

3. **मिति 2082।08।12 को आदेशः**

यसमा देहायका कार्यहरु सम्पन्न गरी नियमानुसार पेस गर्नु।

- गाडी सर्भिसिङ गर्दा ब्याट्रीमा पानी छिराएको भन्ने दाबी रहेको समेत देखिँदा लोक सुशिला मोटर्स प्रा.लि.लाई मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १२३ बमोजिम प्रतिवादी कायम गरी निज प्रतिवादीका नाउँमा म्याद जारी गर्नू।
- वादी प्रतिवादीका साक्षीहरु सम्बन्धित पक्षबाटै झिकाई बकपत्रका लागि पेस गर्नु।
- वादी तथा प्रतिवादीको उपस्थितिमा सम्बन्धित कार्यालयबाट विवादित सवारीको प्राविधिक परीक्षण गराई प्रतिवेदन पेस गर्न लगाउनू।
- वादी तथा प्रतिवादीबाट थप प्रमाणहरु पेस गर्न लगाई एक अर्कालाई देखाउनू।
- सवारीको सक्कल वारेण्टी कार्ड वादीबाट पेस गर्न लगाउनू।

4. **वादीका साक्षी श्रवणकुमार श्रेष्ठले गरेको बकपत्रः** मिति २०७९।६।१६ मा Neta V 2022 model खरिद गरेको जानकारी छ। सो गाडीको battery मा खराबी आएको र बनाउनको लागि बागडोल स्थित servicing center मा लगेकोमा हालसम्म सो गाडीको मर्मत नगरी वादीलाई दुःख दिएको छ। गाडीको निर्माण प्रक्रियामा समस्या देखिएको र गाडीको ब्याट्री परिवर्तन गर्दा पनि गाडीमा समस्या देखिएको छ। CG जस्तो प्रतिष्ठित कम्पनीले ल्याएको गाडीको अहिले मूल कम्पनी पनि बन्द भईसकेको छ। गाडीमा गम्भीर त्रुटि भएर बनाउन नमिल्ने भएको र पटक पटक ग्यारेजमा ल्याउँदा र गाडी किन्दाको रकम र सम्पूर्ण क्षति गरी रु.७८,०९,०००।- रहेको छ। गाडी मर्मत गरि चलाउन नसक्ने अवस्थामा रहेको हुँदा उक्त गाडी खरिद गर्दाको रकम र कम्पनीको लापरबाहीले भएको क्षति भराइदिनु पर्ने हो।
5. **प्रतिवादीका साक्षी सक्रिय थापाले गरेको बकपत्रः** बर्दघाटमा गाडीमा समस्या आयो भनेर फोनबाट जानकारी दिनु भयो। हाम्रो आधिकारिक वर्कसप लोक शुसिला हो भनी त्यहाँ लगेर जाँचबुझ गराउनु भनी पठायौं। त्यहाँ जाँच गराउँदा समस्या अलि जटिल रहेछ भनी बुझिएको र उहाँलाई तत्काल गाडी Towing गरी ल्याउनु भनी सुझाव दियौँ। यसमा जाँचबुझको क्रममा गाडीको Main battery मा क्षति भएको र भित्र पानीका थोपाहरु देखिएको कारणले विद्युतीय समस्या देखिएको र त्यसलाई मर्मत गरी गाडी चल्ने बनाएका थियौँ। हामीले Insurance को लागि प्रारम्भिक कोटेसन दियौँ त्यसपश्चात Insurance को प्रतिनिधिले सम्पूर्ण अध्ययनपश्चात गाडी बनाउन अनुमति दिनुभयो। गाडी बनिसकेपछिको थपघट

सहितको बिललाई Insurance मा पेश गर्नु भनी सल्लाह दिनुभयो। भुक्तानी रकम हाम्रो कार्यालयमा जम्मा गरी गाडी लैजान हुन आग्रह गर्‍यौँ।

केही समय Trial गर्दै र भुक्तानीको लागि आनाकानी गर्दागर्दै उहाँले गाडी वर्दघाट लग्नु भएको खबर प्राप्त भयो र सम्पर्कविहीन हुनु भयो। सो क्रममा हाम्रो ग्राहक सेवा केन्द्रमा निजले गाडीबाट अनावश्यक आवाज आईरहेकोले कता देखाउने भनेर सम्पर्क गर्नु भएको र हाम्रा प्रतिनिधिले बाटोमा रहेको चितवन स्थित Euro Motors मा लगेर देखाउन सक्ने बताउनु भयो। केही समय पछाडी हाम्रो ग्राहक सेवा केन्द्रमा निजले सम्पर्क गरी उहाँको गाडीमा पहिलाको जस्तै समस्या दोहोरिएकोले गाडी नचलेको कारण के गर्ने भनी गुनासो टिपाउनु भएको थियो। गाडीलाई Towing truck मा हालेर काठमाडौं स्थित वर्कसपमा ल्याउनु भयो। काठमाण्डौ वर्कसपमा जाँचबुझ गर्दा Main battery मा ठोकिएर गाडी चल्नमा समस्या देखिएको विवरण जानकारी गरायौं। निज वादीले पहिलेको रकम भुक्तानी नगर्ने र त्यो रकम कम्पनीले नै मिनाहा गर्नु पर्ने साथै अहिले चाँहि गाडी बनाई पाँउ भन्ने अनुरोध गर्नु भयो। बक्यौता रकम नतिरेकोले थप मर्मत कार्य अगाडी बढ्न नसकिने बेहोरा जानकारी गराएपछि निजले गाडी नबनाउने र कानूनी प्रक्रियामा जाने मनसाय राख्नु भयो। नेपालको सडक अवस्था राम्रो नभएकाले चालक चनाखो भइ गाडी चलाउनुपर्ने; गाडीको स्वास्थ्य गाडी चालकको चलाई, सडकको अवस्था र सर्भिसिङको नियमिततामा भर पर्दछ; कम्पनीको तर्फबाट निर्माण त्रुटि भएका कुनै पनि साधन बिक्री नभएको; सवारीसाधनमा गुणस्तरका कारण भित्री समस्या आई परेमा warranty दिइने; बाहिरी क्षतिका कारण आइपर्ने समस्यामा गाडी वेच्दा insurance प्रदान गरिएको हुँदा त्यस्तो समस्यामा बीमा दाबी गर्न सुझाव दिइन्छ।

6. मुलुकी देवानी कार्यविधि संहिता, 2074 को दफा 123 बमोजिम प्रतिवादी कायम गरिएका लोक सुशिला मोटर्स प्रा.लि.ले मिति 2082।8।17 मा म्याद बुझी उक्त म्यादभित्र **प्रतिउत्तर जिकिर पेश नगरेको।**

7. यातायात व्यवस्था कार्यालय, साना/ठुला सवारी एकान्तकुना, ललितपुरको मिति 2082।9।18 को पत्र मार्फत सवारीको रङ केही खुइलिएको, ब्याट्रिको समस्याका कारण स्टार्ट गर्ने अवस्थामा नरहेको र Interior साबिक बमोजिमकै रहेको पाइयो

भन्ने बेहोराको मेकानिकल इन्जिनियर श्रीनारायण यादवको प्रतिवेदन प्राप्त भई मिसिलमा संलग्न रहेको तथा आदेश बमोजिम वादी र प्रतिवादीले प्रमाणहरु पेस गरी मिसिल संलग्न रहेकोछ।

<u>ठहर खण्डः-</u>

8. नियमानुसार पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादीको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री भिमसेन के.सी. र श्री रामबहादुर शाहीले विपक्षीहरुको सर्भिस सेन्टर हात्तिवन, ललितपुरमा तीन पटकसम्म सर्भिसिङ गराउँदासम्म गाडीको अवस्था सही र राम्रो नै थियो। चौथोपटक सर्भिसिङ्ग गर्ने समयमा सि.जि.मोटर्सले आफ्नो आधिकारिक सर्भिस सेन्टर, लोक सुशिला मोटर्स प्रा.लि.ले व्याट्रीप्याकमा पानी छिर्नेगरी हाईप्रेसर गनले गाडी धोएर बिगारेको थियो। त्यसरी गाडी सर्भिसिङको सर्भिस सेण्टरले वारेण्टी अवधिमा गाडी बिगारेपछि त्यसको दायित्व गाडीका विक्रेताले लिनु पर्दछ। समयमा गाडीको मर्मत सेवा दिन नसक्ने, बिक्री पश्चातको जिम्मेवारीबाट टाढा भाग्ने, विपक्षीकै गल्तीले भएको क्षतिमा हामीलाई भागिदार बनाउन खोज्ने, यात्रुको संवेदनशीलतालाई समेत वेवास्ता गरी दुर्घटना हुनसक्ने सवारी ठीक छ भनी चढाएर पठाउने, विपक्षी आफैंले गल्ती स्वीकारेको विषयमा बीमाबाट रकम भराउन हामीलाई प्रयोग गर्न खोज्ने र हालसम्म पनि विपक्षीहरुले गाडी कब्जामा राख्ने जस्ता उपभोक्ताको हकहित विरुद्धको कार्य गरेकोले प्रतिवादीहरुबाट फिराद दाबी बमोजिमको क्षतिपूर्ति दिलाइ पाउँ भनी बहस गर्नु भयो।

9. प्रतिवादी सि.जि. मोटर्सका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री विपीन सुवेदीले गाडीको उत्पादनमा नै खराबी थियो भन्ने वादीदावी छैन, वादीले गाडीको नियमित सर्भिसिङ्गको दायित्व पुरा गरेको पनि छैन। समयमै मर्मत केन्द्रमा लगेर मर्मत गराउनुपर्नेमा सो नगरी बसेकाले गाडी नै बन्द हुने अवस्था आएको हो। वादी पक्षबाट त्यस्तो लापरवाही भएकै अवस्थामा समेत कम्पनीकै जी.एम.ले चढ्दै आएको सोही ब्राण्डको नयाँ गाडीबाट ब्याट्री परिवर्तन गरिदिएका थियौं। त्यसरी व्याट्री परिवर्तन गर्दा व्याट्रीसेटमा रहेका कम्पोनेन्ट्स् र एसेसोरिज मर्मत र परिवर्तन गर्दा लागेको थप खर्च भुक्तान नभएसम्म हाल गाडी मर्मतको कार्य अघि बढाउन नसकिने जानकारी गराइएको हो। पछिल्लो पटक गाडीको व्याट्रीमा सवारी

चालकको लापरवाहीका कारण वाह्य चोटले क्षति पुगेको हो। त्यस्तो अवस्थामा ब्याट्रीको मर्मत वारेन्टी नीति अन्तर्गत गरिने होइन। वादीले गाडी गुडाइरहेको समयमा कच्ची सडकमा गाडीले भुँइमा छुँदा गाडी बन्द भएर नचलेपछि उक्त गाडी बनाउन भनी प्रतिवादीकहाँ लिएर आउनु भएको हो। तसर्थ, वादी दावी आधारहीन हुँदा प्रतिवादीहरुलाई वादी दावीबाट फुर्सद दिलाई पाउँ भनी बहस गर्नु भयो।

10. दुवैतर्फका विद्वान कानून व्यवसायीहरुले गर्नुभएको बहस जिकिर सुनी मिसिल समेत अध्ययन गरियो। प्रस्तुत मुद्दामा वादी दावी बमोजिम क्षतिपूर्ति भराई दिनुपर्ने हो होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

11. निर्णयतर्फ विचार गर्दा, वादी नेत्रलाल न्यौपानेले विपक्षीबाट NETA V 2022 मोडलको गाडी मिति 2079।6।16 मा खरिद गरेको र तत्पश्चात हालसम्म प्रतिवादीहरुसँग चार पटक सर्भिसिङ गराई मिति २०८१।१०।९ र २०८२।१।१६ मा थप मर्मत गराएको वा मर्मत गर्न सर्भिस सेन्टरमा पुर्‍याएको तथ्यमा विवाद रहेको देखिंदैन।

12. यस मुद्दामा वादी दावी बमोजिम चौथो सर्भिसिङका क्रममा प्रतिवादीहरुको लापरबाहीका कारण क्षति पुगेको हो, होइन ? भन्नेतर्फ विचार गर्दा प्रतिवादी लोक सुशीला मोटर्स प्रा.लि. सँग मिति २०८१।८।३० मा वादीले गाडीको सर्भिसिङ्ग गराएको तथ्य संलग्न बिल विजक तथा भिडियो फोटो समेतको प्रमाणबाट देखिन्छ। गाडीमा Error रहेको कम्प्युटर संकेतलाई प्राविधिकले हटाई दिएको र यसका आधारमा गाडी कुदाउन मिल्ने भनी गाडी ग्यारेजबाट पठाएको भन्ने देखिँदा सर्भिसिङमा लापरवाही गरेको भन्ने तथ्य पुष्टी भएको देखिन्छ। उक्त गाडीको व्याट्रीमा कुन कारणले समस्या आएको हो भनी स्पष्ट हुने गरी प्रतिवादी पक्षबाट प्रमाण प्रस्तुत गर्न सकेको देखिंदैन। वादी प्रतिवादी दुवै पक्ष राजी भई प्रतिवादीले आफ्नो कम्पनीको चलिरहेको गाडीबाट व्याट्री स्वाप गरी वादीको गाडीमा व्याट्री फेरिदिएको तथ्यमा दुवै पक्ष सहमत रहेको देखिन्छ। तर, त्यसरी व्याट्री स्वाप गरिदिने कार्य कम्पनीको नीति तथा वारेण्टीको शर्त बमोजिम हो, होइन विचारणीय छ।

13. मिति २०७९।६।१६ मा खरिद गरेको गाडी वादीदाबी अनुसार ८ वर्षको वारेण्टी दिने भनिएको छ। वारेण्टी वुकको पेज नं. ७ बमोजिम गाडीको कोर पार्टस् Traction

Battery Assembly-IP rating 67 लाई जम्मा ८ वर्षको वारेण्टी रहने र वेयर एण्ड कन्ज्युमेवल्स् अन्तर्गत रहेको Battery and remote-control key battery को वारेण्टी १ वर्षको रहने व्यवस्था छ। गाडीको व्याट्रीमा वादी दावी अनुसार पानी छिरेको र प्रतिवादीको प्रत्युत्तर बमोजिम गाडीको व्याट्री माथि सम्म ठोकिएको, धस्रा देखिएको र व्याट्री प्रभावित पारेको भनी दाबी लिएकोले व्याट्रीको एसेम्बली प्रणालीमा पानीको प्रेसर वा चोटपटकले असर गरेको प्रष्ट हुन्छ। व्याट्रीमा पानी छिरेको तथ्यलाई प्रतिवादीले समेत स्वीकार गरी प्रतिउत्तर फिराएको देखिन्छ। वादी दावी बमोजिम २०८१ साल मंसिर ३० र ३१ गतेको तस्विर र भिडियो अनुसार गाडीको तलको भागमा रहेको व्याट्री एसेम्बलीमा कुनै चोटपटक देखिंदैन। तर, गाडीमा Error Symbol देखिई Manual Override मार्फत Error हटाएको भन्ने देखिन्छ। चार्ज हुने व्याट्रीको मुख्य भागले चार्ज नलिएको वा उर्जा संचय नगरेको दावी दुवै पक्षको नरहेको हुँदा Wear and Consumable Parts अन्तर्गत रहेको मुख्य Battery मा कुनै समस्या नरहेको तथ्य स्थापित हुन्छ। तथापी, ८ वर्ष वारेण्टी रहेको Traction Battery Assembly मा कुनै कारणले समस्या आएर त्यसको मर्मत वा replacement गर्नुपर्ने अवस्थामा प्रतिवादीको दोषले पानी छिरेको वा वादीको दोषले चोट परेको दुवै अवस्थामा व्याट्री स्वाप वारेण्टीका शर्त बमोजिमको उचित समाधान होइन। दुवै पक्षको मुख मिलेको अवस्थामा वारेण्टी नीति विपरीत व्याट्री स्वाप गर्न राजी हुने र विवाद भएपछि प्रतिवादीले भुक्तानीको दावी गर्ने तथा वादीले क्षतिपूर्ति मागदावी गर्ने जस्ता कार्यलाई तर्कसंगत मान्न सकिंदैन।

14. प्रतिवादीले गाडी बिक्री गरेको केही समयमा व्याट्रीले काम नगरेपछि वादीले अधिकृत सेवा/मर्मत केन्द्र (Authorize service center) मा वारेण्टी सेवा अन्तर्गत मर्मतका लागि दाबी गरेको अवस्था देखिन्छ। तर, वादीले अधिकृत सेवा/मर्मत केन्द्रमा गाडी मर्मत गराउँदा BMU, BCU, BDU, Voltage temperature sampling harness, Wiring belt, Service Charge लगायतमा थप खर्च गर्नु परेको जनाउँदै प्रतिवादीले मिति २०८१।१०।६ को इन्भोइस नम्वर ८०२८१०३९३६ को बिल मार्फत रु. ५,९१,२९०।२९ भुक्तानी माग दावी गरेको देखिन्छ। यसमा आफ्नो आधिकारीक मर्मत केन्द्र लोक सुशीला मोटर्स प्रा.लि.ले मर्मत गर्दा त्रुटी गरेका कारण व्याट्रीमा पानी पसेर हुन गएको क्षतिको दायित्व प्रतिवादी सि.जि. मोटर्सले लिनु पर्ने हो

होइन? भन्ने तर्फ विचार गर्दा दुष्कृति अन्तर्गत आफ्नो आधिकारीक मर्मत केन्द्रले मर्मत गर्दा पुर्याएको हानिको पर दायित्व (Vicarious Liability) त्यस्तो आधिकारीकता दिने प्रतिवादी सि.जि. मोटर्सले लिनुपर्ने हुन्छ। त्यस्तो पर दायित्व सृजना हुन जाने अवस्थामा दुवै पक्षको राजीखुशीले व्याट्री स्वाप गर्न तयार भएकोले कानून बमोजिम ८ वर्ष वारेण्टी पाउनुपर्ने Traction Battery Assembly वा पुरै व्याट्री सेट साटफेर गरिदिँदा वारेण्टी अवधिभित्र देखिएका समस्याको समाधान वा मर्मत गरी यथाअवस्थामा क्रेता (उपभोक्ता) लाई सवारी फिर्ता दिनु प्रतिवादी सि.जि. मोटर्सको दायित्व हुन्छ।

15. सि.जि. मोटर्स स्वयं सवारी आयातकर्ता भएको र आयातकर्ताले नेपाल एजेन्सी ऐन, २०१४ तथा एजेन्सी (संसोधन र एकीकरण) नियमहरु, २०१९ बमोजिम वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा सवारी साधन आयातको लागि अधिकृत विक्रेता वा एजेन्सी दर्ता गर्दा समेत वारेण्टीको अवधि, शर्त तथा सो बापतको थप लागत समेत समेटी मूल्यसूची पेश गरेको हुन्छ। यस अवस्थामा आधिकारिक बिक्रेताले वारेण्टी अवधिभित्रको निःशूल्क वारेण्टी सेवाको जिम्मेवारीको दायित्वबाट इन्कार गर्न मिल्दैन।

16. वारेण्टी बमोजिमको सर्भिसिङ सेवामा बीमा दावी भुक्तानीको के-कस्तो सम्बन्ध हुने हो भन्ने सम्बन्धमा विचार गर्दा वारेण्टी सेवा प्रदान गरिने भनी विज्ञापन गरी वस्तु विक्री गर्ने विक्रेताले त्यस्तो वारेण्टी आफ्नो मर्मत केन्द्रबाट दिने वा आफूसँग सम्झौता गरेको मर्मत केन्द्रबाट दिलाउने वा आफ्नो लागतमा गर्ने वा बीमा कम्पनीसँग सम्झौता गरी त्यस्तो लागतमा जोखिम साझेदारी गर्ने भन्ने कुरा त्यस्तो वारेण्टी सेवा दिने कम्पनीको व्यवसायिक रणनीतिले निर्धारण गर्ने कुरा हो। तर, यस्तो रणनीति तय गर्दा नि:शूल्क वारेण्टी सेवाको ग्यारेण्टी गर्ने भनी विज्ञापन गर्ने कम्पनीले बीमा कम्पनीसँग सम्झौता गर्दा वारेण्टी अवधिको बीमाको दायित्व क्रेतामाथि पर्नेगरी गरिएको सम्झौता उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ११ को देहाय (ङ), दफा १६ को उपदफा (२) को देहाय (ख) र (ढ) तथा दफा १८ को देहाय (च) विपरीत हुन जान्छ। सरकारी निकायमा नामसारी गर्दा गरिने तेस्रो पक्ष बीमा बाहेक गाडी खरिद गर्दा गाडी मर्मतको बीमा सेवा समेत खरिद गर्नुपर्ने र वारेण्टी अवधिमा समेत सो बीमाको सम्पूर्ण दायित्व क्रेताको हुने गरी

गरिएको व्यवसायिक सम्झौता ऐ. ऐनको दफा १८ को खण्ड (च) विपरीत भएकाले यसमा प्रतिवादीले दावी गरेजस्तो क्रेताको बीमा दायित्व हुँदैन। तसर्थ, व्याट्री स्वाप गर्ने प्रक्रियामा गरेको कार्य, उपयोग भएको पार्टस् वा अन्य लागतलाई बीमा मार्फत भुक्तानी भएको हदसम्म बीमाबाट भुक्तानी लिने र नभएको हदमा आधिकारिक विक्रेता स्वयंले वारेण्टी सेवा र पार्टस्को खर्च व्यहोर्नुपर्ने हुन्छ।

17. प्रस्तुत मुद्दामा वादी दावी बमोजिम पाँचौं सर्भिसिङ्का लागि मर्मत केन्द्रमा बुझाएको गाडीको मर्मत दायित्व, मर्मत गर्ने समयसीमा र उपभोक्ताको सम्पत्ति उपभोगको हकमा विचार गर्दा मर्मत केन्द्रले यसअघिको दायित्व देखाएर मर्मत नगरी थन्क्याउनु उचित हो होइन ? एक EV गाडीको मर्मत गर्न लाग्ने समय सामान्यत: कति हो ? सामान्य समयभन्दा बढी अवधि गाडी ग्यारेजमा थन्क्याउँदा गाडी उपभोग गर्ने उपभोक्ताले सो उपभोग गर्न नपाउँदा पर्न जाने अवसर लागत (Opportunity Cost) कसले व्यहोर्ने भन्ने प्रश्नहरु आउँछन्। ग्यारेजमा मर्मत गरेर हिँड्नुअघि त्यसको सेवामूल्य सम्बन्धमा सोही समयमा नै निर्णय गर्नुपर्ने हुन्छ, अघिल्लो पटकको वक्यौता वा विवाद देखाएर मर्मत सेवा प्रदान नगरी गाडी थन्क्याउँदा पर्न जाने क्षतिको दायित्व त्यस्तो मर्मत केन्द्रले व्यहोर्नु पर्ने गरी उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा १२ को खण्ड (क) र (घ) ले व्यवस्था गरेको छ। कानूनले तोकेको दायित्व पूरा नगरी आफ्नो मर्मत केन्द्रमा प्रतिवादी सि.जि. मोटर्स प्रा.लि.ले मिति २०८२।१।१६ देखि हालसम्म गाडी लिइराख्नु उचित ठहऱ्याउन मिल्ने देखिएन। उपभोक्ताको सम्पत्ति माथिको हक, सम्पत्तिको उपभोगबाट सिर्जना हुने सन्तुष्टि र अनपेक्षित अवधिसम्म सम्पत्ति उपभोग गर्न नपाउँदा पर्न जाने अवसर लागत बापत उपभोक्ताले क्षतिको परिपूरण माग गर्नुलाई अन्यथा भन्नु पर्ने देखिएन। उपभोक्ता सार्वभौम हुन्छन्, उपभोक्ताको हक हितको रक्षा गर्नु विक्रेता तथा सेवा प्रदायकको समेत अहं कर्तव्य हुन्छ। उपभोक्ता नै नरहेको अवस्थामा विक्रेता तथा सेवा प्रदायकको कुनै महत्त्व रहँदैन। उपभोक्ताले सेवा तथा उत्पादनको खरिद गरी उपभोग नै गर्न नसक्ने परिस्थितिको सृजना भएमा सेवा प्रदायक तथा उत्पादक वा बिक्रेताको उत्पादन तथा सेवाको औचित्य रहँदैन। यस अवस्थामा उपभोक्ताको सर्वोपरी हित गर्नु नै उत्पादक तथा बिक्रेताको दायित्व हुन्छ। बिक्री गरेको गाडीलाई वारेण्टी अवधिभित्र प्रदान गर्नुपर्ने सेवा र

सहुलियत पूर्ण रुपमा समयमै प्रदान गरी उपभोक्ता वादीलाई सन्तुष्ट बनाउनु विक्रेता प्रतिवादीको कर्तव्य नै हुन जाने देखिन्छ।

18. उपभोक्ताले चौथो सर्भिसिङ्गका क्रममा विक्रेता प्रतिवादीको सेवा प्रदायकले गरेको त्रुटीको सम्बन्धमा हदम्यादभित्र कानूनी उपचारतर्फ नलागी राजीखुशीमै व्याट्री स्वाप गराएको र बीमा कम्पनीमा बीमा दावी भुक्तानी माग गरेकोमा सो भुक्तानी राफसाफ भैनसकेको भन्ने देखिन्छ। यसरी उपभोक्ता वादीले तत्कालीन अवस्थामा चित्त नबुझेको कुरामा सम्बन्धित निकायसमक्ष उजुरी गरेको समेत देखिंदैन। उपभोक्ता समेत सचेत हुनुपर्ने भन्ने सम्बन्धमा *Caveat emptor, quia ignorare non debuit quod jus alienum emit* ("Let a purchaser beware, for he ought not to be ignorant of the nature of the property which he is buying from another party.")[1] भन्ने रहेका मान्यता अन्तर्गतका दायित्व वादीले समयमै पुरा गरेको अवस्था देखिएन। यस अवस्थामा वादी प्रतिवादी दुवैले प्रचलित कानून, बजार सिद्धान्त र मानवीय व्यवहारका उचित मानकहरु पालना नगरी आ-आफ्नो दायित्व पूरा गरेको अवस्था देखिएन।

19. तसर्थ, माथि उल्लेखित तथ्य प्रमाणहरुबाट वारेन्टी अवधिभित्रमा रहेको विवादित गाडीको मर्मत गरी गाडीलाई चल्न सक्ने दुरुस्त बनाई प्रतिवादी सि.जि. मोटर्स प्रा.लि.ले वादीलाई गाडी हस्तान्तरण गर्न न्यायोचित हुने देखियो। गाडीको बीमा गरिएको भन्ने तथ्य वादी दावी तथा प्रतिउत्तर जिकिर समेतबाट देखिंदा वादीले उल्लिखित पहिलो र दोस्रो मर्मत गर्दा तिर्नुपर्ने बील बमोजिमको रकमका सम्बन्धमा प्रतिवादीले वादी समेतको समन्वयमा कानून बमोजिम बीमा (insurance) वापत आउने रकम प्राप्त गर्ने र प्रतिवादीले क्षतिपूर्ति वापत वादीबाट कुनै शूल्क नलिई निःशूल्क रुपमा यथाअवस्था तथा मोडल अनुसारको गुणस्तर कायम राखी गाडी मर्मत गरी यथाशीघ्र वादीलाई विवादित गाडी हस्तान्तरण गर्ने ठहर्छ।

<u>तपसिल खण्ड</u>

[1] Caveat Emptor, https://en.wikipedia.org/wiki/Caveat_emptor, accessed on March 9, 2026.

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम Neta V 2022 Model VIN-LUZAGAGA9NA109273 नं. को गाडी यथाशीघ्र मर्मत गरी वादी पक्षलाई हस्तान्तरण गर्नु भनी प्रतिवादी सि.जि. मोटर्स प्रा.लि.लाई लेखी पठाउनू १

वादी नेत्रलाल न्यौपानेले सम्बन्धित बीमा कम्पनीबाट कानून बमोजिम प्राप्त हुने बीमा वापतको रकमको लागि प्रतिवादी पक्षलाई आवश्यक समन्वय गरी दिनू भनी वादीलाई जानकारी गराउनू २

प्रस्तुत फैसलामा चित्त नबुझे 30 दिनभित्र श्री उच्च अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी वादी तथा प्रतिवादीलाई पुनरावेदनको म्याद दिनू -----------------------३

यो फैसला विद्युतीय प्रणालीमा प्रविष्ठ भएपछि प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू ----------------------४

सदस्य सदस्य

<u>फैसला तयार गर्न सहयोग पुऱ्याउनेः-</u>

इजलास अधिकृत- होमनाथ कंडेल

इति सम्वत 20८2 साल माघ 15 गते रोज 5 शुभम् -----------------------------।

फैसला प्रमाणीकरण मिति २०८२।१२।५